नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक

☎ ०११-४९०१:
०११-४९०३:
०११-४९०२:
E–mail : daokavre@gmail.co

प.सं.- ०७९/८०
च.नं.- ३२०

२०७९/०५/१७

विषय : राहदानीको लागि अनलाइन फाराम भर्ने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा, यस कार्यालयबाट ई-पासपोर्टको लागि आवेदन लिने कार्य भई रहेको र सो को लागि हरेक मंगलवार र शुक्रवार दिनको २.०० बजे हप्तामा दुई दिन ई-पासपोर्टका लागि आवेदन फाराम अनलाइनबाट ( आइतवार देखि बिहीवारसम्म सार्वजनिक विदाको दिन बाहेक प्रतिदिन ९० जना र शुक्रवार ५० जना ) खुला गरिदै आएको व्यहोरा सबैको जानकारीको गराउदै ई-पासपोर्टका लागि अनलाइन आवेदन भर्दा देहाय बमोजिमको बिवरणहरु यकिन गरी सोको फारामसाथ तोकिएको मितिमा यस कार्यालयमा फोटो सहितको बायोमेट्रिक बिवरण दर्ता गर्नको लागिमात्र व्यक्ति स्वयम उपस्थित हुनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

१) आफुले प्राप्त गरेको नागरिकताको बिवरण प्रष्ट नभएमा यस कार्यालयबाट नागरिकता प्रमाण-पत्रको प्रतिलिपि लिएरमात्र फाराम भर्ने ।

२) नागरिकताको बिवरणहरु नाम, ठेगाना, जन्ममिति, नागरिकता नम्वर, नागरिकता जारी मिति, बाबु/आमा/पतिको नाम, आफ्नो र निकटतम व्यक्तिको नाम र मोवाइल नम्वर, नागरिकताको बिवरण अनुसार उच्चारण हुदा समेत ठीक छ छैन तथा राष्ट्रिय परिचय-पत्रको बिवरण समेतमा भिडाई रुजु गरेरमात्र कार्यालयमा आउने ।

३) नागरिकताको प्रमाण-पत्र र राष्ट्रिय परिचय-पत्र अनिवार्य स्क्यान गर्नु पर्नेछ, नागरिकतामा उल्लेखित बिवरणमा हालको स्थानीय तह कायम भएर फरक परेको बाहेकमा विवाह दर्ता वा बसाईसराईबाट फरक पर्न गएको भएमा सो को सक्कल कागज स्क्यान गर्नु पर्नेछ । केही आवेदनसाथ कागजातहरुको फोटोकपी स्क्यान गरेको पाइएकोले त्यसो गरेको पाइएमा निवेदन लिइने छैन ।

४) सक्कल कागजातहरु स्क्यान गर्दा पढ्न नै नमिल्ने गरी तेर्सो र उल्टो पारेर स्क्यान गरेको हुदा सक्कल कागजातहरु पढ्न मिल्ने गरी सिधा पारेर गर्नु पर्नेछ

२०७९/०५/१७

(अमर दिप सुनुवार)
सहायक प्रमुख जिल्ला अधिकारी